सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिछौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: शिक्षा-२०८२/०८३
च.नं. ८०९

मितिः २०८२/०८/२९
ने.सं. ११४६ थिंलागा, एकादशी

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री यो जो जससँग सम्बन्धित छ।

रोल्पा जिल्ला सुनिलस्मृति गाउँपालिका अन्तर्गत श्री ज्योति प्रकाश माध्यमिक विद्यालय हरिगाउँमा रिक्त रहेको निम्न माध्यमिक तह नेपाली विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २७, मिति २०८२।०८।२४ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः
१. तोकिएको म्याद भित्र विद्यालयमा स्वयम् उपस्थित भई वा इमेल ठेगाना jyotiprakashma@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

वोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, रोल्पा।
श्री ज्योति प्रकाश माध्यमिक विद्यालय सुनिलस्मृति-२, हरिगाउँ, रोल्पा।

२०८२।०८।२५
(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत